## पर्यटन नीति २०७७

### १. पृष्ठभूमि

नेपालको संविधानले पर्यटन व्यवसायलाई अर्थतन्त्रको एउटा आधारको रुपमा स्वीकार गरेको छ । पर्यटनलाई सेवा उद्योगको रुपमा विविधिकरण र विस्तार गर्नु राष्ट्रिय कार्यभार हो । पर्यटनलाई नागरिकको जीविकोपार्जन तथा रोजगारीसँग जोडेर समग्र संमृद्धिको आधार तयार गर्नु स्थानीय सरकारको जिम्मेवारी हो । स्थानीय सरकारको जिम्मेवारी तथा फालेलुङ गाउँपालिकाको आवश्यकतालाई ध्यानमा राखेर यो पर्यटन नीति तयार गरिएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(छ) को बुँदा  ११ र १२ मा पर्यटन क्षेत्रको विकास विस्तार र प्रवर्द्धन सम्बन्धी एवम् नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्वन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्न सक्ने भनी तोकेको छ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ को दफा ४ उपदफा ३(ग र घ) अनुसार ‘राष्ट्रिय नीति वा प्राथमिकता अनुकुल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने’ तथा ‘प्रदेशको नीति वा प्राथमिकता अनुकुल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने’ विषय उल्लेख छ । यी दुई कानुनी आधारमा यो नीति तयार गरिएको छ ।

स्थानीय सरकारले आफ्नो क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न स्थानीय पर्यटन नीति तयार गरेर पर्यटनलाई मर्यादित रुपमा विकास र विस्तार गर्नु आवश्यक छ । ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, आदिवासी/जनजाति र हालसम्म समेट्न नसकिएका सामाजिक समूहको समेत संलग्नता रहने गरी स्थानीय समुदायबिच प्रतिस्पर्धात्मक अवसर सिर्जना गर्न यो नीति र यसको कार्यान्वयनले विशेष भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ ।

### २. वर्तमान अवस्था

नेपालको संविधानअनुसार २०७४ सालमा स्थानीय सरकारको निर्वाचन भई स्थानीय सरकारले तोकिएको कार्य सञ्चालन गरिरहेको छ । संघीयस्तरमा पर्यटनसम्बन्धी क्रियाकलाप गर्न थुप्रै संरचना र संस्थाहरु क्रियाशिल छन् । नीतिगत तथा कानुनी उपकरणहरु उपलब्ध छन् । प्रादेशिक तहमा पनि संरचना र संस्थागत विकासको आरम्भ भएको छ । स्थानीय सरकारले पनि पर्यटन क्षेत्रमा कार्यक्रम र

बजेटमार्फत संघ र प्रदेश तथा स्थानीय सरकार र निजी क्षेत्रबिच समन्वयको प्रयास गरिरहेको छ । स्थानीय सरकार नयाँ अभ्यास भएकाले अपेक्षा गरिएअनुरुप योजना, कार्यक्रम र बजेटको व्यवस्थापन गर्न सकेको छैन । पर्यटन पूर्वाधारको एकिकृत विकास र पर्यटन व्यवसायलाई व्यवस्थित गरी पर्यटनको लाभ, दायित्व र स्वामित्व स्थानीय समुदायबिच बाँटफाँड गर्ने योजनाबद्ध क्रियाकलाप हुन सकेको छैन । तर, फालेलुङ गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममार्फत पर्यटनलाई आर्थिक विकासको मुख्य क्षेत्रको रुपमा अङ्गिकार गरेको छ ।

### ३. नीति तर्जुमाको अपेक्षा

स्थानीय प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधता, सांस्कृतिक तथा मानव निर्मित सम्पदाको पहिचान गरी पूर्वाधार विकासको एकिकृत र योजनाबद्ध क्रियाकलाप सुचारु हुनेछ । पर्यटन पूर्वाधारमा सुधार भई ग्रामिण पर्यटनले गति लिने छ । ग्रामिण पर्यटनमा स्थानीय समुदायको दायित्व र स्वामित्व स्थापित हुनेछ र गुणस्तरीय सेवाको प्रतिस्पर्धा बढ्ने छ । प्रतिस्पर्धाले पर्यटन व्यवसाय व्यवस्थित बन्ने छ । पर्यटनले व्यवसायको रुप र आकार ग्रहण गरेपछि वाह्य र आन्तरिक दुवै पर्यटकको आगमनमा वृद्धि हुनेछ । समग्रमा पर्यटकको वृद्धि भई **स्थानीय नागरिकको जीविकोपार्जन र रोजगारीमा बढोत्तरी हुनेछ साथै स्थानीय सरकारको राजश्व पनि वृद्धि** हुनेछ ।

### ४. समस्या र चुनौती

फालेलुङ गाउँपालिकामा पर्यटनसम्बन्धी निम्न समस्या र चुनौती रहेका छन् :

क) गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी सूची (इन्भेन्ट्री)  तयार नभएकाले योजनाबद्ध पर्यटकीय गतिविधि सञ्चालन गर्न सकिएको छैन ।

ख) प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरी पर्यटकीय उपभोगसम्बन्धी योजना र कार्यक्रम तयार गर्न सकिएको छैन ।

ग) पर्यटन क्षेत्रमा स्थानीय समुदायको संलग्नतामा पर्यटन व्यवसायलाई सेवा उद्योगको रुपमा विकास गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने पर्याप्त कार्यक्रम सञ्चालन गर्न सकिएको छैन ।

घ) पर्यटन पूर्वाधार विकास गर्दा 'एकिकृत पूर्वाधार (सडक, खानेपानी, विद्युत्, संचार, सरसफाई आदि) विकास' को अवधारणा तथा 'पर्यावरणमैत्री पूर्वाधार विकास' को योजनाअनुसार कार्यक्रम तयार गर्न सकिएको छैन ।

ङ) स्थानीय पर्यटनको संभावनालाई क्षेत्रगत रुपमा विविधिकरण गरी स्थानीय पर्यटनसम्बन्धी गतिविधि सञ्चालन गर्न सकिएको छैन ।

च) *होमस्टे* (घरबास) व्यवस्थापन तथा प्रर्बद्धन गर्न योजनाबद्ध र प्रभावकारी क्रियाकलाप सञ्चालन गरी बाह्य र आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिएको छैन ।

छ) अन्तरसरकारी, निजी तथा गैर-सरकारी क्षेत्रसँग समन्वय गर्न व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्था नभएकाले अवसर सिर्जना गर्न र दायित्व वा स्वामित्व ग्रहण गर्न अधिकार सम्पन्न स्थानीय संयन्त्र बनाउन सकिएको छैन ।

**५. उद्देश्य**

क) स्थानीय पर्यटन स्थल (प्राकृतिक, सांस्कृतिक तथा मानव निर्मित) को पहिचान गरी योजनाबद्ध क्रियाकलाप सञ्चालन गर्ने,

ख) प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरी सम्पदाहरुलाई पर्यटकीय उत्पादनको रुपमा विकास गर्ने,

ग) स्थानीय समुदायको संलग्नतामा दक्ष र सक्षम जनशक्ति उत्पादन गरी पर्यटन व्यवसायलाई स्थानीयबासीको जीविकोपार्जन र रोजगारीसँग जोड्दै सेवा उद्योगको रुपमा विकास गर्ने,

घ) पर्यटन पूर्वाधार विकास गर्दा दुईओटा सोचहरु क्रमशः 'एकिकृत पूर्वाधार विकास' को अवधारणा तथा 'पर्यावरणमैत्री पूर्वाधार विकास' को योजना अनुसार क्रियाकलाप सञ्चालन गर्ने,

ङ) स्थानीय पर्यटकीय संभावनाको विविधिकरण गरी स्थानीय पर्यटकीय स्थानहरुलाई जोड्ने पर्यटन *सर्किट* (पदमार्ग) को अवधारणाअनुसार लघु र गुरु योजना तयार गर्ने,

च) प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई ग्रामिण पर्यटनको विशेष *आइटम* (वस्तु) बनाई *होमस्टे* (घरबास) लाई व्यवस्थापन तथा प्रर्वद्धन गर्न योजनाबद्ध र प्रभावकारी क्रियाकलाप सञ्चालन गर्ने,

छ) संघीय र प्रदेश सरकार, अन्तर-स्थानीय तह तथा स्थानीय निजी र गैर-सरकारी क्षेत्रबिच समन्वय र प्रबर्द्धन गर्न स्थानीय पर्यटन संयन्त्र स्थापना गर्ने ।

## ६. पर्यटन नीतिहरु

क) स्थानीय पर्यटकीय स्थलको पहिचान गर्न *इन्भेन्ट्री* (सूची) र नक्शाङ्कन तयार गरी एकिकृत विकासको अवधारणाअनुरुप योजना बनाई वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिने छ ।

ख) प्राकृतिक स्थललाई पर्यटकीय उपभोगका लागि खुला गर्दा पर्यावरणीय सचेतता अपनाईने छ भने सांस्कृतिक र ऐतिहासिक सम्पदाहरुको पर्यटकीय उपयोग गर्दा संरक्षणको अवधारणालाई केन्द्रमा राखेर योजना र कार्यक्रमहरु सञ्चालन गरिने छ ।

ग) पर्यटन क्षेत्रमा स्थानीय समुदायलाई परिचालन गरी पर्यटन क्षेत्रको व्यवसायीकरण तथा सेवा उद्योगको रुपमा विकास गरी स्थानीयबासीको रोजगारी सिर्जना गर्न आवश्यक मानव स्रोतको विकास, व्यवस्थापन र उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

घ) गाउँपालिकाले पर्यटकीय स्थलको विकास र विस्तार गर्दा पर्यावरणीय सचेतता अपनाई एकिकृत पूर्वाधार विकासको अवधारणाअनुरुप योजना र कार्यक्रम तय गर्ने छ ।

ङ) स्थानीय पर्यटकीय संभावना भएका प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरुको पर्यटकीय उपयोगको विविधिकरण गरी स्थानीय पर्यटकीय स्थानहरुलाई जोड्ने पर्यटन *सर्किट*को अवधारणाअनुसार लघु तथा गुरु योजना बनाई कार्यान्वयन गरिने छ ।

च) पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा रहेको ग्रामिण पर्यटनलाई व्यवस्थित गर्न *होमस्टे* (घरबास) लाई विशेष प्राथमिकता दिई प्राकृतिक र सांस्कृतिक सम्पदाहरुलाई पर्यटकीय *आइटम* (वस्तु) को रुपमा विकास र प्रर्बद्धन गर्न योजनाबद्ध र प्रभावकारी क्रियाकलाप सञ्चालन गरिने छ ।

छ) स्थानीय सरकारको एक्लो प्रयासले पर्यटन क्षेत्रको समग्र विकास संभव नहुने भएकाले संघीय, प्रादेशिक र स्थानीय सरकार तथा स्थानीय निजी क्षेत्र र गैर-सरकारी क्षेत्रसँग समन्वय गर्न तथा स्थानीय पर्यटनसम्बन्धी सम्पूर्ण व्यवस्थापकीय र प्रवर्द्धनात्मक कार्य गर्न भिन्नाभिन्नै अधिकार सम्पन्न संयन्त्रहरु गठन गरिने छ ।

**७. कार्यनीतिहरु**

पर्यटन नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यनीतिहरु अवलम्वन गरिने छ :

**क) पर्यटकीय क्षेत्र पहिचान (नीति ६क सँग सम्बन्धित)**

१) प्राकृतिक स्रोत र सांस्कृतिक/मानव निर्मित सम्पदाको *इन्भेन्ट्री* (सूची) तयार गरी पर्यटकीय स्थलको नक्शाङ्कन गरिने छ ।

२) फालेलुङ गाउँपालिकाको समग्र पर्यटन गुरु योजना तथा प्राकृतिक स्रोत र सांस्कृतिक/मानव निर्मित सम्पदा व्यवस्थापनसम्बन्धी छुट्टाछुट्टै लघु योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गरिने छ ।

३) प्राकृतिक स्रोत र सांस्कृतिक/मानव निर्मित सम्पदाको छुट्टाछुट्टै पर्यटकीय क्रियाकलाप, *प्रोडक्ट* (उत्पादन) *प्याकेजिङ* र बजार प्रर्बद्धन गरिनेछ ।

**ख) सम्पदा संरक्षण (नीति ६ख. सँग सम्बन्धित)**

१) स्थानीय प्राकृतिक सम्पदालाई पर्यटकीय उपयोगका लागि विकास र विस्तार गर्नका लागि पर्यावरणीय मापदण्ड तयार गरी लागु गरिने छ ।

२) स्थानीय ऐतिहासिक महत्वका मूर्त सम्पदाहरु मठ, मन्दिर, पाटी, पौवा, स्तूपा, गूम्बा, साकेला थान, चर्च आदिको सूचीकरण गरी संरक्षण र संबर्द्धन गरिने छ ।

३) स्थानीय रुपमा उपलब्ध अमूर्त सम्पदाहरु सांस्कृतिक मेला, संगीत, परम्परा, लोककथा, लोकभाका, सीप र चाडपर्वलाई व्यवस्थापन गरी पर्यटकीय *आइटम*को रुपमा उपयोग गरिने छ ।

४) ग्रामीण पर्यटनको संभावना भएका प्राकृतिक तथा सांस्कृतिक सम्पदा तथा धरोहरको क्षेत्रलाई समेटेर फालेलुङ गाँउपालिकाले छिमेकी गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग वृहत्तर ग्रामीण पर्यटन प्रवर्द्धन गर्न साझेदारी गर्ने छ ।

५) स्थानीय पाठ्यक्रम निर्माण गर्दा ग्रामीण पर्यटनसम्बन्धी अध्याय थप गरी प्राकृतिक स्रोत, सांकृतिक तथा ऐतिहासिक सम्पदा र पर्यटकीय स्थलबारे जानकारी समावेश गरिने छ ।

**ग) समुदाय परिचालन र रोजगारी (नीति ६ग सँग सम्बन्धित)**

१) प्राकृतिक र सांस्कृतिक/मानव निर्मित सम्पदाहरुको व्यवस्थापन गरी पर्यटकीय उत्पादन *(टुरिष्ट प्रोडक्ट)* को रुपमा विकास र प्रवर्द्धन गर्न स्थानीय समुदायलाई परिचालन गरिने छ ।

२) बाह्य र आन्तरिक पर्यटकलाई आकर्षित गर्न पर्यटकीय प्याकेज विकास गर्न तथा पर्यटकलाई सेवा उपलब्ध गराउन होटल, रिसोर्ट, यातायात लगायतका क्षेत्रमा लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

३) ग्रामिण पर्यटनलाई स्थानीय रोजगारी र आयआम्दानीसँग जोड्न स्थानीय विपन्न, महिला, आदिवासी जनजाति तथा हालसम्म समेट्न नसकिएका सामाजिक समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई सबै समुदायको पहुँचमा पुग्ने विधि, संरचना र कार्यक्रम लागु गरिने छ ।

४) पर्यटन बहुआयामिक, बहुपक्षीय, तथा बहुसंगठनमा आधारित व्यवसाय भएकाले स्थानीय सरकार, व्यवसायी र स्थानीय समुदायको सहकार्यमा मानव स्रोतको व्यवस्थापन, विकास र उपयोग गरिने छ ।

५) समुदायद्वारा प्रवर्द्धन गरिने पर्यटकीय गतिविधिलाई व्यवस्थित गर्न कार्यविधि बनाई गाउँपालिकाले विशेष सहुलियत दिने नीति अख्तियार गर्ने छ ।

**घ) पर्यावरणमैत्री एकिकृत पूर्वाधार (नीति ६घ सँग सम्बन्धित)**

१) स्थानीय पूर्वाधारको निर्माण गर्दा महत्वपूर्ण पर्यटकीय स्थलहरुको पर्यटकीय उपभोग हुने गरी सडक, विद्युत, खानेपानी, सञ्चार, सरसफाई जस्ता सुविधालाई ध्यानमा राखेर एकिकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने छ ।

२) स्थानीय पर्यटनको विकास, विस्तार र विविधिकरण गर्दा वातावरणमैत्री ढङ्गले गर्न गराउन स्थानीय कार्यविधि वा आचारसंहिता तयार गरिनेछ ।

३) यातायात पूर्वाधार निर्माण, कृषिको व्यवसायिकरण, वनको व्यवस्थापन, बजार वा बस्तीको विस्तार तथा उद्योगको स्थापना गर्दा पर्यटकीय उपभोगलाई ध्यानमा राखेर एकिकृत विकासको मोडेल अपनाइने छ ।

४) स्थानीय पर्यटनको योजना निर्माण तथा कार्यान्वयन गर्न गाउँपालिकाको वार्षिक बजेटको ३ वा ५ वा ७ प्रतिशत बजेट पर्यटनसँग सम्बन्धित कार्यक्रम र क्रियाकलापमा खर्च गरिने छ ।

५) 'स्थानीय एकिकृत पूर्वाधार विकास निर्देशिका' बनाई समग्र विकासको अवधारणालाई अवलम्वन गरिने छ ।

**ङ) पर्यटकीय *प्रोडक्ट*को विविधिकरण (नीति ६ङ सँग सम्बन्धित)**

पर्यटन व्यवसायलाई देहाय बमोजिमका गतिविधिहरुको आधारमा विविधिकरण र विकास गरिने छ :

१) प्रकृति र याक

क) स्थानीय प्राकृतिक स्थलहरुको विशेषताअनुसार पर्यावरणमैत्री गुरु तथा लघु योजना बनाई पर्यटकीय उत्पादनको रुपमा विकास गरिने छ ।

ख) नेपाल भारत सीमा क्षेत्रलाई गाउँपालिकाको प्राकृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्न आकाशे भञ्ज्याङदेखि बुढीथान, छिन्टापु, गोरुवाले भञ्ज्याङ, सन्दकपुर, आहाल, फालोट, तीन सिमाना, सात थुम्के आगेजुङसमेतलाई समेटेर गुरु योजना तयार गरिने छ ।

ग) याकलाई गाउँपालिकाको पर्यटन प्रवर्द्धनको मुख्य *आइटम* (वस्तु) को रुपमा प्रचार प्रसार गर्न 'याक महोत्सव', 'याकचढी', 'याक दौड', 'गोठस्टे' र 'याक गोल्ड कप' जस्ता गतिविधि सञ्चालन गरिने छ ।

२) पदयात्रा पर्यटन

क) नेपालको पदयात्रा पर्यटन विश्वको उत्कृष्ट पदयात्रा गन्तव्य भएकाले गाउँपालिकाले पनि पदयात्रा पर्यटनलाई सुरक्षित, भरपर्दो र आकर्षक बनाउन योजनाबद्ध गतिविधि सञ्चालन गर्ने छ ।

ख) पदयात्राका लागि स्थानीय मार्ग *(रुट)* हरुको खोजी र विकास गरी स्थानीय *सर्किट*को विकास गरिने छ ।

ग) छिमेकी नगर तथा गाउँपालिकासँग समन्वय गरी नयाँ पदमार्गहरुको विकास र विस्तार गर्न प्राथमिकतासाथ कार्य गरिने छ ।

घ) स्थानीयस्तरमा पथप्रदर्शक *(टुरिष्ट गाईड)* तालिम सञ्चालन गरी स्थानीय युवाहरुलाई इजाजत पत्र प्राप्त गर्न गाउँपालिकाले सहजीकरण गर्ने नीति लिईने छ ।

३) धार्मिक तथा सांस्कृतिक पर्यटन

क) आगेजुङ गुम्बा, शिवगंगा मन्दिर, खलंगा कालिका देवी, नोर्देङ छोलिङछो गुम्वा, जलजले पोखरी, भाले ढुङगा, महादेवथान गुफा, लुङधुङ्वा गुफा, भीमसेन स्तम्भ आदि धार्मिक तथा सांस्कृतिक स्थलहरुलाई समेटेर धार्मिक पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाईने छ ।

ख) विभिन्न जातजातिका मौलिक संस्कृतिलाई समेटी सांस्कृतिक पर्यटनसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न स्थानीय समुदाय र संघ/संस्थालाई परिचालन गरिने छ ।

ग) आदिवासी जनजातिको बसोबास क्षेत्रलाई स्थानीयताको झल्को दिने खुला संग्रहालयको रुपमा विकास गरी सांस्कृतिक पर्यटनलाई व्यवस्थित गरिने छ ।

**च) घरबास (*होम स्टे*) व्यवस्थापन (नीति ६च सँग सम्बन्धित)**

१) ग्रामिण विकासको मुख्य अवयवको रुपमा परिचित कृषि क्षेत्रलाई पर्यटनको विशेष *आइटम*को रुपमा प्रर्वद्धन गर्न घरबास *(होम स्टे)* लाई प्राथमिकतामा राखेर क्रियाकलाप सञ्चालन गरिने छ।

२) व्यवसायिक कृषिको अवधारणाअनुरुप बनेका पकेट/ब्लक/जोन/सुपर जोन आदिलाई घरबास *(होम स्टे)* सँग जोडेर कार्यक्रम सञ्चालन गरिने छ।

३) जैविक कृषिका विशेष क्षेत्र वा गाउँपालिकाका वडाहरुलाई जैविक कृषि वडा घोषणा गरी कृषि पर्यटनलाई प्रवर्द्धन गरिने छ।

४) विशुद्ध सामाजिक जीवन, सांस्कृतिक पहिचान, रहनसहनको संरक्षण र निरन्तरताको अवधारणालाई मूल आधार मानी घरबास *(होम स्टे)* लाई सञ्चालन गरिनेछ।

५) घरबास *(होम स्टे)* सञ्चालन गर्न न्यूनत्तम नेपाली जनजीवनको झल्को दिने स्थानीय मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

६) घरबास *(होम स्टे)* सञ्चालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन बोर्ड तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृति प्राप्त तालिम केन्द्रहरुबाट गर्ने गराउने व्यवस्था मिलाईने छ।

७) *'होमस्टे/गोठस्टे पकेट'* को अवधारणाअनुसार गाउँपालिकाका सबै पर्यटकीय क्षेत्रका आसपास घरबास *(होम स्टे)* सञ्चालन गर्न प्रोत्साहित गरिने छ।

**छ) संयन्त्र निर्माण (नीति ६छ सँग सम्बन्धित)**

१) गाउँपालिकाको पर्यटन विकासका लागि अन्तरस्थानीय तह समन्वय गर्न गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष नेतृत्वको समिति बनाईने छ।

२) स्थानीय पर्यटनको सर्वाङ्गिण विकासका लागि आन्तरिक समन्वयात्मक कार्य गर्न गाउँ कार्यपालिकाको कार्यालयमा पर्यटन शाखा वा *डेस्क* स्थापना गरिने छ।

३) स्थानीय पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन गर्न 'फालेलुङ पर्यटन विकास समिति' नामको अधिकार सम्पन्न संयन्त्र गठन गरिने छ।

४) 'फालेलुङ पर्यटन विकास समिति'ले ग्रामीण पर्यटन प्रवर्द्धन गर्न राष्ट्रिय नीति, प्रदेश नीति र गाउँपालिकाको नीतिमा आधारित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आर्थिक तथा प्राविधिक क्षेत्रमा सहयोग र सहकार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय गर्ने छ ।

५) 'फालेलुङ पर्यटन विकास समिति'लाई स्थापना र व्यवस्थापन गर्न भिन्नै कार्यविधि वा गठन आदेश जारी गरिने छ ।

**नीतिको आवश्यकता वा औचित्य**

फालेलुङ गाँउपालिका नेपालको पूर्वी सीमा तथा भारतको प्रमुख पर्यटकीय गन्तव्य दार्जिलिङसँग जोडिएको छ । गाउँपालिकाको सीमा आन्तरिक पर्यटनका दृष्टिले नेपालको प्रमुख गन्तव्य इलाम जिल्लासँग पनि जोडिएको छ । गाउँपालिकाभित्र तीनसीमाना, लामपोखरी, तीन छाँगे झरना, फालोट चारराते, छिन्टापु, भाले ढुङ्गा, लुङधुङ्वा गुफा जस्ता प्राकृतिक सम्पदा छन् । सांस्कृतिक विविधता छ । मूर्त अमूर्त सांस्कृतिक र ऐतिहासिक सम्पदाहरु छन् । कोभिड १९ को कारणले नेपालको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित बनेको छ । पर्यटन क्षेत्रलाई पुनर्जागृत गराउन नेपाल सरकारले सञ्चालन गर्ने जुनसुकै राष्ट्रिय अभियानमा फालेलुङ गाँउपालिका सहभागी हुनेछ । कोभिड १९ ले अस्तव्यस्त बनाएको पर्यटन क्षेत्रलाई टेवा पुऱ्याउन तथा गाउँपालिकाको पर्यटकीय गतिविधि चलायमान गराउन फालेलुङ गाउँपालिकाले ग्रामिण पर्यटनलाई केन्द्रमा राखेर **पर्यटन नीति २०७७** तयार गरेको हो ।